**HISSAN CENTRAL EXAMINATION - 2080 (2024)**

**Grade : XII** **F.M.: 75**

**Time : 3 Hrs**

## SOCIAL STUDIES AND LIFE SKILLS EDUCATION (0061 - M1)

**सबै प्रश्नहरुको उत्तर दिनुहोस् ।**

### समुह 'क'

**अति संक्षिप्त उत्तरात्मक प्रश्नहरु :** **(११ × १ = ११)**

१) बौद्ध धर्मका कुनै दुई आर्यसत्य उल्लेख गर्नुहोस् ।
२) पूर्विय चिन्तन परम्मपराले हाम्रो जीवनमा पारेको कुनै दुईवटा प्रभाव लेख्नुहोस् ।
३) कार्यकरण सम्वन्ध भनेको के हो ?
४) चित्रात्मक प्रस्तुतीलाई प्रभावकारी बनाउने एउटा उपाय लेख्नुहोस् ।
५) खस राज्यको संस्थापक राजाको नाम लेख्नुहोस् ।
६) धार्मिक सहिष्णुता झल्किने एउटा नारा तयार पार्नुहोस् ।
७) तपाई स्थानीय तहमा वडा अध्यक्ष निर्वाचित हुनुभयो भने समतामूलक समाज निर्माणमा के कस्तो भूमिका निर्वाह गर्नुहुन्छ ? लेख्नुहोस् ।
८) गाउँ सहर सम्वन्धको महत्व एक वाक्यमा लेख्नुहोस् ।
९) आर्थिक बिकासको अवधारणा प्रष्ट पार्नुहोस् ।
१०) मानव बिकास सुचकांकमा नेपालको अवस्था सुधार गर्न दुईवटा सुझावहरु दिनुहोस् ।
११) मानव संसाधन भन्नाले के बुझिन्छ ?

### समूह 'ख'

**संक्षिप्त उत्तरात्मक प्रश्नहरु :** **[८×५ = ४०]**

१२) सामाजिक अनुसन्धानका लागि कुनै एउटा शीर्षक लेखी उक्त शीर्षकसँग सम्वन्धित चारवटा उद्देश्यहरु उल्लेख गर्नुहोस् ।

**अथवा**

तपाईंले अनुसन्धान कार्य गर्दै हुनुहुन्छ भने परिमाणात्मक अध्ययन पद्धतिलाई कसरी प्रयोग गर्नुहुन्छ ? प्रष्ट पार्नुहोस् ।

१३) सामाजिक विविधताका पाँचवटा आएमहरु संक्षेपमा चर्चा गर्नहोस् ।
१४) प्रदेशहरु बिचको सम्वन्ध सुधार गर्ने उपायहरु समावेश गरी आफू बस्ने प्रदेशको प्रमुखलाई लेखिने चिठीको नमूना तयार पार्नुहोस् ।
१५) नेपालको आधुनिक कालको कानूनी र आर्थिक अवस्था पाँच बुँदामा विश्लेषण गर्नुहोस् ।
१६) मानौं तपाईको समुदायमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक मानिसहरु छन् भने उनीहरुको सहभागिताको अधिकारलाई कसरी सुनिश्चित गर्नुहुन्छ ? लेख्नुहोस् ।
१७) संबिधान अनुसार प्रदेश सरकारका एकल अधिकारहरुको सूचि तयार पार्नुहोस् ।
१८) बसाइसराईले शहरमा पार्ने प्रभाव पाँच बुँदामा प्रस्तुत गर्नुहोस् ।
१९) बेरोजगारीका कारणले पर्ने कुनै पाँचवटा असरहरु उल्लेख गनुहोस् ।

**अथवा**

नेपालमा शिक्षाको पहुँच बिस्तार गर्न राज्यबाट अवलम्वन गरिएका उपायहरुको मूल्यांकन गर्नुहोस् ।

### समूह 'ग'

**लामो उत्तरात्मक प्रश्नहरु :** **[३×८ = २४]**

२०) सिर्जनात्मक चिन्तन र समालोचनात्मक सिपले तपाइको जीवनामा पार्ने प्रभाव विश्लेषण गर्नुहोस् ।
२१) प्रादेशिक अन्तर सम्वन्धका आयमहरु संक्षेपमा चर्चा गर्नुहोस् ।

**अथवा**

कर्णाली प्रदेशको भौगोलिक अवस्था, जनसङ्ख्या,सामजिक सांस्कृतिक अवस्था र आर्थिक सम्भावना संक्षेपमा चर्चा गर्नुहोस् ।

२२) गरिवी न्यूनिकरण गर्ने सुझावहरु समावेश गरी संवादको नमूना तयार पार्नुहोस् ।

**** समाप्त ****